# नेपाल राष्ट्र बैंक
# विदेशी विनिमय व्यवस्थापन विभागको
## सूचना !

कोभिड १९ को विद्यमान अवस्था कायम रहे सम्मको अवधीका लागि देहायको शर्तमा विश्वका विभिन्न देशमा रहेका नेपाली कामदार कार्यरत कम्पनी तथा त्यस देशमा रहेका बैक वित्तीय संस्थासँगको सहकार्यमा कामदार कार्यरत कम्पनीले सम्बन्धित बैंकमा खाता खोली, उक्त खातामा कामदारको पारिश्रमिक जम्मा गर्ने, सोही खातामा रहेको रकम मध्येबाट कम्पनी/प्रतिनिधिको अनुरोधमा कामदारले तोकेको हिताधिकारीको नाममा भुक्तानी हुने गरी विदेशी मुद्रा विप्रेषण गरी नेपाल पठाउने र उक्त रकम नेपालमा प्राप्त गरीसके पश्चात् सम्बन्धित विप्रेषण प्रदायकले नेपालस्थित हिताधिकारीलाई विद्यमान व्यवस्था अनुरुप भुक्तानी गर्नसक्ने गरी विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो सूचना प्रकाशन गरिएको छ ।

शर्तहरु :

(क) विप्रेषण भई आएको सम्पुर्ण रकम तथा कमिसन विदेशी मुद्रामा प्राप्त गर्नु पर्ने ।

(ख) विदेशवाट रकम पठाउने बैंकले नेपालमा रहेको हिताधिकारीको सम्पुर्ण विवरण विद्यमान व्यवस्था अनुरुप उपलव्ध गराउनु पर्ने तथा यसरी प्राप्त विवरणको आधारमा नेपालस्थित विप्रेषण प्रदायक बैंक वित्तीय संस्था एवं कम्पनीले अन्तिम हिताधिकारी एकीन गरी नेपाली रुपैयाँमा भुक्तानी गर्नु पर्ने ।

(ग) AML/CFT सम्बन्धमा कायम रहेको विद्यमान व्यवस्था पुर्णरुपले पालना गर्नु पर्ने ।

(घ) उपर्युक्त अनुसार कारोवार गर्दा अस्वाभाविक कारोवार भएको पाईएमा तत्काल कारोवार वन्द गरी यस बैंकलाई जानकारी गराउनु पर्ने ।

(ङ) यस व्यवस्था अन्तर्गत कारोवार गर्ने रकमको सीमा प्रति दिन प्रति पटक प्रति व्यक्ति अधिकतम अमेरीकी डलर १५००।०० (अमेरिकी डलर एक हजार पाँचसय) हुनु पर्ने ।

बमबहादुर मिश्र
(कार्यकारी निर्देशक)

मिति : २०७७/०२/११